आज मिति २०७५ साल माघ २२ गते मंगलबारका दिन ऐसेलुखर्क गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिकाका अध्यक्ष श्री **विश्वनाथ निरौला**ज्यूको अध्यक्षता तपसीलका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका विषयमा छलफल गरि निर्णय गरियो ।

**उपस्थिति :**

| पद | नाम, थर | हस्ताक्षर |
|---|---|---|
| अध्यक्ष | विश्वनाथ निरौला | |
| उपाध्यक्ष | पुष्पकला भुजेल | |
| सदस्य | झन कुमार राई (नाछिरिङ) | |
| सदस्य | सन्तवीर तामाङ | |
| सदस्य | राजेशकुमार राजभण्डारी | |
| सदस्य | नैनकुमार राई | |
| सदस्य | दिलबहादुर राई | |
| सदस्य | मीनबहादुर राई | |
| सदस्य | फुलकमल राई | |
| सदस्य | जानुमाया राई | |
| सदस्य | छिरिङलमु तामाङ | |
| सदस्य | चमेली विश्वकर्मा | |
| सदस्य | लक्ष्मी विक | |
| सदस्य | खड्गबहादुर राई (नाछिरिङ) | |
| सदस्य | देवीचरण रम्तेल | |
| सचिव | जीवन निरौला | |

**अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| नायब सुब्बा | युवराज फुयल | |

Page No.:
Date :

निर्णय नं०-१, प्रदेश सरकारबाट प्राप्त हुने सडक निर्माणको रकम बाँडफाँट सम्बन्धमा ।

यस गाउँपालिका अन्तर्गत वडा नं०-१, राखावाङदेल मा प्रदेश सरकार आर्थिक मामिला तथा योजना - मन्त्रालयबाट प्राप्त हुने बघाँतेपोखरी रावाखोला राखावाङदेल वाम्तोला सडक स्तरोन्नति शीर्षकमा प्राप्त हुने रकमलाई सोही मन्त्रालयको मिति २०७५।१०।१५, च.नं. ३८ को पत्रबाट गाउँपालिकाको बैठकको निर्णय बमोजिम कार्यान्वयन गर्न लेखी आएकोले वडा कार्यालयबाट निर्णय भै आए बमोजिम तपसील अनुसार शीर्षकमा खर्च गर्ने निर्णय गरियो ।

तपसील

१, रावाखोला - ढुंगे - वाहल्कु वडा कार्यालय थपागाउँ सडक निर्माण

२, वडा कार्यालय - शुक्रवारे - दबेरवा - थनाचो - कामीगाउँ - ~~[illegible]~~ - सोरपु - बघाँते पोखरी सडक निर्माण।

निर्णय नं०-२, कार्यविधि पास सम्बन्धमा ।

यस गाउँपालिकामा कृषि सम्बन्धि सबै कार्यक्रमहरु सञ्चालन गर्नको लागि बनेको एकेकुरवर्क गाउँपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्य - विधि -२०७५ अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं० ३, योजनाको नाम परिवर्तन सम्बन्धमा ।

यस गाउँपालिकाको केन्द्र सँग वडा नं०. १, राखावाङदेल को वडा कार्यालय सम्म सिधा सडक सञ्जाल

Page No.:
Date :

जोडन विनियोजन भएको बजेट अन्तर्गत विर्देल वडा कार्यालय सडक निर्माण शीर्षकलाई विर्देल मानुका - प्रा०वि० - नाह्रिरिङ भवन सडक निर्माण शीर्षकमा परिवर्तन गर्न गाउँ सभामा अनुमोदन का लागि पेश गर्ने निर्णय गरियो।

निर्णय नं-४. गाउँ प्रहरीको पाठ्यक्रम स्वीकृत सम्बन्धमा।

यस गाउँपालिकामा गाउँ प्रहरी नियुक्ति गर्नको लागि कार्यविधि स्वीकृत र दरबन्दि ~~संख्या~~ संख्या रहिन भई सकेकोले सो को विज्ञापनको लागि १२० पुर्णाङ्क भएको तपसिलको पाठ्यक्रम स्वीकृत गर्ने निर्णय गरियो।

ऐसेलुखर्क गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

ऐसेलुखर्क,खोटाङ

***गाउँ प्रहरी पदको पाठयकम***

| सि.नं. | चरण | परीक्षाको किसिम | खण्ड | अंक भार | पुर्णाक |
|---|---|---|---|---|---|
| १. | प्रथम | शारीरिक तन्दुरुस्ती/बौद्धिकता परीक्षण | - | ३० | ३० |
| २. | द्वितीय | लिखित परीक्षा | क) वस्तुगत | २×२०=४० | १०० |
| | | | ख)विषयगत | ५×१०=५० <br> १०×१ =१० | |
| ३. | तृतीय | अन्तर्वार्ता | - | २० | २० |
| जम्मा | | | | | १५० |

**प्रथम चरण**

**शारीरिक तन्दुरुस्ती तथा बौद्धिकता परीक्षण**.............................................पुर्णांक-३०

यस अन्तर्गत न्यूनतम ५०० मिटर दौड,सिट अप,चिन अप,पुस अप,रुख चढ्ने,निशाना

गाउँपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
१ प्रदेश नेपाल
स्था: २०७३

ऐसेलुखर्क गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

ऐसेलुखर्क,खोटाङ

### *गाउँ प्रहरी पदको पाठयक्रम*

| सि.नं. | चरण | परीक्षाको किसिम | खण्ड | अंक भार | पुर्णांक |
|---|---|---|---|---|---|
| १. | प्रथम | शारीरिक तन्दुरुस्ती/बौद्धिकता परीक्षण | - | ३० | ३० |
| २. | द्धितीय | लिखित परीक्षा | क) वस्तुगत | २×२०=४० | १०० |
| | | | ख)विषयगत | ५×१०=५०<br>१०×१ =१० | |
| ३. | तृतीय | अन्तर्वार्ता | - | २० | २० |
| जम्मा | | | | | १५० |

## प्रथम चरण

**शारीरिक तन्दुरुस्ती तथा बौद्धिकता परीक्षण..............................................पुर्णांक-३०**

यस अन्तर्गत न्युनतम ५०० मिटर दौड,सिट अप,चिन अप,पुस अप,रुख चढ्ने,निशाना लगाउने,विवाद निरुपण सीप लगायतका शारीरिक क्षमता तथा बौद्धिकता मापनका कियाकलापहरु गराईनेछ ।

## द्धितीय चरण

### लिखित परीक्षा

**वस्तुगत प्रश्न**........................................................................ (२×२०=४०)

१. नेपालको भौगोलिक,सामाजिक, आर्थिक र राजनैतिक अवस्था
२. नेपालको संविधान
३. मुलुकी अपराध संहिता २०७५
४. स्थानिय सरकार संचालन ऐन २०७४
५. नेपालको सुरक्षा निकायहरुको सांगठनिक संरचना एवं काम ,कर्तव्य र अधिकारको सामान्य जानकारी
६. आधारभुत गणितीय समस्याको समाधान

निर्णय नं. ८. सवारी साधन खरिद सम्बन्धमा ।

यस गाउँपालिकामा एक थान हलुका सवारी साधन खरिदको लागि विनियोजन भएको बजेटको। बजेट सीमा भित्र रहेर खरिद प्रकृया अगाडी बढाउने निर्णय गरियो ।